# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


प.स. : ०८०/०८१
च.नं. : 280

मिति: २०८०/०५/२४

**विषय: अतिरिक्त प्रतियोगितामा सहभागिता सम्बन्धमा।**

**श्री सम्पूर्ण विद्यालयहरु**
**अमरगढी नगरपालिका, डडेल्धुरा।**

यस कार्यालयको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय बाल दिवस २०८० को अवसरमा आधारभूत तहका विद्यार्थीहरूका लागि सञ्चालन हुने नगरपालिका स्तरीय देहायका अतिरिक्त प्रतियोगिताहरूमा विद्यार्थी सहभागी गराइदिनहुन अनुरोध छ। साथै सहभागी हुने विद्यार्थीहरूको विवरण (नाम र कक्षा) यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखाको ई-मेल ठेगाना **edu.amargadhi@gmail.com** मा मिति २०८०।०५।२७ सम्ममा उपलब्ध गराइदिन समेत अनुरोध गरिन्छ।

| सि. नं. | प्रतियोगिता | तह (कक्षा) | सहभागी संख्या (प्रति विद्यालय) | प्रतियोगिता मिति र समय | प्रतियोगिता हुने स्थान |
|---|---|---|---|---|---|
| १ | चित्रकला | आधारभूत (१-३) | १ छात्र र १ छात्रा गरी जम्मा २ जना | २०८०।०५।२९ विहान ११:३० बजेदेखि | माउन्टेन मावि बागबजार |
| २ | हस्तलेखन | आधारभूत (४-५) | १ छात्र र १ छात्रा गरी जम्मा २ जना | | |
| ३ | हाजिरीजवाफ | आधारभूत (६-८) | कम्तीमा १ छात्रा सहित जम्मा ३ जना | २०८०।०५।२९ विहान १०:०० बजे | महेन्द्र मावि खलङ्गा |

**प्रतियोगिता सम्बन्धी थप जानकारी**

**चित्रकला:**

- चित्रकलाको शीर्षक "हाम्रो राष्ट्रिय जनावर : गाई" रहेको छ।
- चित्र बनाइसक्नुपर्ने जम्मा समयावधि ३० मिनेटको हुनेछ।
- चित्र यस कार्यालयबाट उपलब्ध गराइएको **A4** साइजको कागजमा बनाउनुपर्नेछ।
- चित्र बनाउनका लागि आवश्यक अन्य सामग्रीहरू (पेन्सील, कलर, क्लिपबोर्ड आदि) विद्यार्थी स्वयंले लिई आउनुपर्नेछ।

**हस्तलेखन:**

- यस कार्यालयबाट उपलब्ध गराइएको नेपाली र अङ्ग्रेजी दुवै भाषाको पाठ्यांशलाई उतार गर्नुपर्नेछ।
- हस्तलेखन गर्नुपर्ने जम्मा समयावधि ३० मिनेटको हुनेछ।
- उत्तरपुस्तिका यसै कार्यालयबाट उपलब्ध हुनेछ भने लेख्ने साधन विद्यार्थी स्वयंले लिई आउनुपर्नेछ।

२०८०।०५।२४

**शाखा अधिकृत**
शाखा प्रमुख